# लेटाङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लेटाङ, मोरङ

कोशी प्रदेश, नेपाल

प.सं. ०८३/०८४(प्रशासन)

च.नं.

मितिः २०८३।०४।२६

**रिक्त पदमा करार सेवामा विज्ञापन ।**

लेटाङ नगरपालिकामा रिक्त रहेको सूचना प्रविधि अधिकृत (छैटौं) पदका लागि करार पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले सूचना प्रकाशन भएको मितिले पन्ध्रौ दिनको कार्यालय समयभित्र राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | बिज्ञापन नं. | विज्ञापनको किसिम | पद/तह | माग संख्या | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १ | ०१/२०८३/८४ | खुला | सूचना प्रविधि अधिकृत (अधिकृतस्तर छैटौं) | १ | ७००।- |

**१. आवश्यक न्यूनतम योग्यताः-**

क) लोकसेवा आयोगले कम्प्युटर अधिकृत पदको लागि तोकेको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications technologies वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT,BIM,BBIS,BCA, BCIS,BEIT, BSc. CSIT, BE. Electronics and Communication Engineering/ BTech. Electronics and Communication Engineering उत्तीर्ण गरेको हुनुपर्नेछ।

ख) २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः** लेटाङ नगरपालिकाको कार्यालय (प्रशासन शाखा) लेटाङ मोरङ

**३. दरखास्त दिने अन्तिम मितिः** २०८३/०५/१० गते कार्यालय समयसम्म।

**४. छनौटको किसिमः** सम्बन्धित कार्यविधि अनुसारको संक्षिप्त सूची प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तरवार्ता परीक्षा

**५. पाठ्यक्रमः** सूचना प्रविधि अधिकृत (IT Officer) छनौट परीक्षाको कार्यविधि, २०८० अनुसार लोकसेवा आयोगले कम्प्युटर अधिकृतका लागि तोकेको पाठ्यक्रमको वस्तुगत खण्ड Part II बाट लिखित ५० अङ्क, प्रयोगात्मक ३० अङ्क र अन्तरवार्ता २० अङ्क हुनेछ।

**६. आवेदन साथ संलग्न कागजातहरूः**

क) न्यूनतम शैक्षिक योग्यता प्रमाणित प्रतिलिपि,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

ग) सम्बन्धित क्षेत्र (सार्वजनिक संस्था, नेपाल सरकारको सरकारी कार्यालय, सार्वजनिक विद्यालय) मा अधिकृतस्तरको न्यूनतम १ वर्ष वा सो भन्दा माथीको कुनै कार्य अनुभव भए सोको प्रमाण पत्र प्रमाणित प्रतिलिपि,

घ) पासपोर्ट साइजको फोटो २ प्रति ।

**७. सेवा सुविधा सम्बन्धी व्यवस्थाः** नगरपालिकाले तोके बमोजिम।

**८. परीक्षा कार्यक्रमः**

क) कार्यविधि अनुसार ५०% अङ्क प्राप्त गर्ने छोटो सूची (Short List) मा पर्नेछन्। छोटो सूची (Short List) मा परेका उम्मेद्वारको नामावली प्रकाशनको बखत लिखित परीक्षाको नतिजा प्रकाशन सँगै प्रयोगात्मक परीक्षाको सूचना र अन्तरवार्ताको मिति, समय तोकिनेछ। साथै अन्तिम नतिजा प्रकाशनको बेलामा छोटो सूची (Short List) को अङ्क जोडिने छैन।

ख) लिखित परीक्षाको नतिजाको सूचनामा अन्तर्वार्ताको मिति र समय तोकिनेछ।

नोटः आवेदन फारम र कार्यविधिको लागि www.letangmun.gov.np र थप जानकारीको लागि सम्पर्क नम्बर ९८४२२२द्ध६६० सम्पर्क गर्नहुन अनुरोध छ।

............................

शशि राई

प्रमुख प्रशासकीय अधिकृत